# आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

१. बाढी, पहिरोको मौसम असार, श्रावण, भाद्र तथा असोज महिनाभरी विपद् सम्बन्धी आवश्यक विवरणहरु जनसंख्या तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं. ११५५ मा सोध्नुहोस् । यो नं. मा फोन गर्दा तपाईंलाई पैसा लाग्ने छैन ।

२. तपाईंले बाढी वा पहिरोको जोखिमयुक्त स्थानमा वा नजिकै हुनुहुन्छ भने मोबाइलमा ११५५ नम्बरबाट “सतर्क रहनुहोस" भन्ने अभिप्रायको एस एम एस (SMS) पनि आउन सक्छ । यसरी प्राप्त भएको सूचना वरपरका सबैलाई जानकारी पनि गराउनु होला ।

३. तपाई मोवाइल, ल्यापटप वा कम्प्यूटरमा इन्टरनेट सेवा प्रयोग गर्ने गर्नुहुन्छ भने कृपया जनसंख्या तथा वातावरण मन्त्रालय, जल तथा मौसम विज्ञान विभागको वेभ साइटः[www.hydrology.gov.np](http://www.hydrology.gov.np) मा हेर्नुहोला । त्यहाँ आगामी २४ घण्टासम्मको बाढीको भविष्यवाणी अपडेट भइरहेको हुनेछ र हाल कुन नदीमा कति बहाव छ ? कहाँ कति पानी परिरहेको छ ? भन्ने जानकारी पाउन वेभ साइटको River Watch र Rainfall Watch मा हेर्न सक्नुहुनेछ ।

४. बाढी, पहिरो तथा धेरै वर्षा भएको पूर्वसूचना पाउन प्रदेश नं. १ का जिल्ला प्रशासन कार्यालयहरुबाट तथा घरदैलोमा टाँस गरिएका स्टिकरमा लेखिएका टेलिफोन नं. हरुको माध्यमबाट नजिकैको प्रहरी कार्यालयहरुमा फोन गर्न सक्नुहुन्छ । त्यहाँ समेत यस बारे जानकारी गराइएको हुन्छ ।

५. वर्षातको समयमा निरन्तर समाचार सुन्ने बानी पनि बसाल्नुहोला ।

*नोटः तपाईंको आसपासमा ठूलो पानी परिरहेको छ वा नदीमा एक्कासी बाढी आएको छ वा नदि एक्कासी सुकेको छ भने तल दिइएको फोन, इमेल वा वेभसाइटमा जानकारी दिनुहोला ।*

**“कुनै पनि नदी जलाधारमा हुनसक्ने बाढी, पहिरो आदिको विपद्‌बाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं"**

## जनहितमा जारी


प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

फोन नं.०२१-४७०१८०/४७२०४४

ईमेलः moialprov1@gmail.com

**वेभसाइटः www.p1moial.gov.np**